# मधेसतिर कथाको रचनाविधान

ध्रुवराज गौतम
सहप्राध्यापक : नेपाली
ने.सं.वि., जनता विद्यापीठ, दाङ
dhurbaraj18@gmail.com
**DOI:** https://doi.org/10.3126/ss.v2i2.69311

## सारसङ्क्षेप

*कथाकार विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथालेखनका अगुवा हस्ती हुन् । सामाजिक यथार्थवादी कथालेखनको व्यतिरेकमा फ्रायडीय मनोविश्लेषणलाई भित्र्याएर उच्च कोटिका कथा पस्किने उनले नेपाली भाषामा दुई दर्जन बढी कथाहरू लेखेका छन् । प्रवासमा रहँदा प्रारम्भ भएको यिनको लेखनक्रममै वि.सं. १९९८ मा दार्जिलिङबाट प्रकाशित कथा हो 'मधेसतिर', जुन पछि 'दोषी चस्मा' कथा सङ्ग्रहमा सङ्गृहीत छ । जीवनको अमूर्त सत्यलाई व्यक्त गर्ने लक्ष्य लिएको यस कथाले यौन बुभुक्षा र उदर बुभुक्षालाई एकसाथ उठाएको छ । मानिसको नैतिकतालाई सम्पत्तिको पोकोले धज्जी उडाएको छ । यसमा सामाजिक कुरीति र आर्थिक विपन्नता मात्र नभई पात्रका मनोलोकको अध्ययन गरिएको छ । कोइरालाका कथाहरूमध्येको फरक वैशिष्ट्य बोकेको यस कथाको वस्तुपक्षमा केन्द्रित भई अध्ययन गर्ने कार्यलाई समस्याका रूपमा लिई त्यसको समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ ।कथालाई प्राथमिक सामग्री र त्यसबारे गरिएका अध्ययन तथा सैद्धान्तिक विमर्शसम्बद्ध ग्रन्थलाई द्वितीयक सामग्री बनाई गुणात्मक ढाँचाको अध्ययन गरिएको यस अध्ययनमा कथामा रहेका तथ्यको वस्तुविश्लेषणका आधारभित्र राखेर अध्ययन गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । आगमनात्मक विधिको उपयोगलाई महत्त्व दिँदै वर्णनात्मक, विश्लेषणात्मक र तार्किक विधिको समेत अवलम्बन गरिएको छ । बिधवाको बालवैधव्य जीवन र समाजका रुढिगत भावना, विधवाप्रतिको सामाजिक दृष्टिकोण एवम् त्यसले व्यक्तिको मनोजगतमा सिर्जित मनोद्वन्द्वका साथै आर्थिक अभाव र विकल्पविहीन निरीह स्थितिले पहाडबाट मधेसतिर झर्नुका तीता बाध्यता पस्किने कथाको रचनाविधानसम्बद्ध खासगरी कार्यपीठिका, सारवस्तु, रुचिक्षेत्र, चरित्रचित्रण, दृष्टिविन्दु, रूपविन्यास आदि शीर्षकहरूमा विभाजन गरेर विश्लेषण गरी निष्कर्षमा पुग्ने काम यस आलेखमा गरिएको छ ।*

**शब्दकुञ्जिका** : अचेतन, कार्यपीठिका, मनोविश्लेषण, संवेग, स्थापत्यकला ।

## विषय परिचय

कथाकार विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) परम्परित सामाजिक यथार्थवादी कथालेखनको व्यतिरेकमा नवीन मूल्य, मान्यता र प्रवृत्तिसहित फ्रायडवादी मनोविश्लेषणलाई नेपाली कथालेखनमा प्रवेश गराई गति प्रदान गर्ने अगुवा स्रष्टा हुन् । कथालाई आधुनिक स्थापत्य कलाका दृष्टिले हेर्ने प्रवृत्ति र सञ्चेतनाको विकास सामाजिक यथार्थवादी कथाकारहरूमा भएको पाइए तापनि साहित्यिक मनोविज्ञानलाई नेपाली कथामा सर्वप्रथम भित्र्याउने कदम कोइरालाले चाले। पुरानो परम्परामा नवीनतम विषय र शिल्पको बीजारोपण यिनैबाट भयो। पात्रको चेतन र अचेतन मनका बिचमा अन्तर्सम्बन्ध देखाउँदै मुख्य गरेर अचेतन मनले चेतन मनलाई पार्ने प्रभावको सूक्ष्म मनोविश्लेषण यिनका कथामा गरिएको हुन्छ । उनले साहित्यका कथा, उपन्यास, कविता, आत्मजीवनी, निबन्ध, समीक्षा आदि प्राय सबै विधामा कलम चलाए पनि कथाकारका रूपमा उनको स्थान अग्रणी मानिन्छ । सुरुमा स्वच्छन्दतावादी सामाजिक कथालेखनबाट अनुप्रेरित देखिए पनि कथाकार कोइरालाले आफ्नै संस्कृति, परम्परा र समाजका सापेक्षतामा मनोविश्लेणात्मक लेखनलाई अभिव्यक्त गरेको पाइन्छ । यौनको मर्यादित सीमाभित्र रही मानिसको वास्तविक अनुहारलाई स्पष्ट रूपमा देखाई आधुनिक चेतनाद्वारा परम्परालाई आलोकित गर्ने कोइरालाको लोग्ने खस्नाले सासू-ससुराद्वारा अपहेलित, पुनर्विवाहको कानुनी व्यवस्था नहुँदा विकल्पको खोजीमा घरबाट बाहिर निस्कन विवश बिधुवीको जीवनव्यथा र आर्थिक अभावका कारण काम र मामको खोजीमा निस्केका गोरे, धने, बुढो भोटेजस्ता पात्रको मनोवैज्ञानिक तथा सामाजिक समस्यामा केन्द्रित कथा हो ‘मधेसतिर’ । यसका बारेमा समयसमयमा विभिन्न अनुसन्धाता तथा समीक्षकहरूले गहन अध्ययन गरेको देखिन्छ । यिनीहरूमध्ये केहीलाई सङ्क्षेपमा निम्नानुसार उल्लेख गर्नु सान्दर्भिक मानिएको छ :

नेपाली भाषासाहित्यका गहन अध्येता तथा लेखक दयाराम श्रेष्ठ ‘सम्भव’ ले नेपाली साहित्यका केही पृष्ठ (२०४८) मा ‘मधेसतिर कथाको अङ्गविन्यास’ शीर्षक दिएर विष्णु शर्मा लिखित ‘पञ्चतन्त्र’को ‘लब्धप्रणास’ अन्तर्गतको कृषककी पत्नी र ठगको कथासँग तुलना गर्दै कथाको रचनासन्दर्भ र अङ्ग पक्षको चर्चा गरेका छन् । (श्रेष्ठ ‘सम्भव’, २०४८, पृ. १५४-१५९)

हरिप्रसाद शर्माले विश्वेश्वरप्रसाद कोइरालाका कथा (२०५०) पुस्तकमा कथाहरूको सम्पादन गर्ने क्रममा व्यक्तिका यौनगत जीवनको यथार्थ अभिव्यक्ति ‘मधेसतिर’ कथामा भएको बताएका छन्। (शर्मा, २०५०, पृ.१०)

यसरी नै भूपति ढकाल ‘कमल’ले आफ्नो विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण (२०५८) नामक कृतिमा मनोसामाजिकताको प्रस्तुति ‘मधेसतिर’ कथामा भएको उल्लेख गरेका छन् । (ढकाल, २०५८, पृ. ३१)

विश्वेश्वर कोइरालाका कथाको परम्परागत अध्ययनभन्दा फरक ढङ्गले चर्चा गर्ने ध्रुवराज गौतमले आफ्नो कोइरालाका कथामा सामाजिकता (२०६१) नामक कृतिमा ‘मधेसतिर’ नेपाली समाजको कुसंस्कार, अनमेल विवाह

तथा बालविवाह प्रथाका साथै आर्थिक दृष्टिले विपन्न जीवनको छायाङ्कन प्रस्तुत गर्न सफल भएको उल्लेख गरेका छन्। (गौतम, २०६१, पृ.८४)

यसरी 'मधेसतिर' कथाका विभिन्न पक्षबारे गरिएका दयाराम, हरिप्रसाद, भूपति, ध्रुवराज आदिका उल्लिखित प्रतिनिधिमूलक पूर्वकार्य र अन्य थुप्रै अध्ययनहरूको थप अध्ययन गर्दा कथाको रचनापक्ष सम्बद्ध केन्द्रित भई चर्चा गरिएको देखिँदैन। यसर्थ पूर्ववर्ती अध्ययनबाट हुन बाँकी यस कार्यलाई शोधान्तराल मानेर त्यसको समुचित निदान पहिल्याउने काम यस अध्ययनमा गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत गुणात्मक ढाँचाको अध्ययनमा वहुआयामिक स्रष्टा विश्वेश्वरप्रसाद कोइरालाका विभिन्न रचनामध्ये संभावनारहित नमुना छनोटपद्धति अन्तर्गतको उद्देश्यमूलक नमुनाछनोट पद्धतिका आधारमा 'दोषी चश्मा' कथा सङ्ग्रहमा सङ्कलित 'मधेसतिर' कथालाई छनोट गरिएको छ। यसक्रममा 'मधेसतिर'कथा र यसका बारेमा गरिएका खोज, लेखन अनि कथाको वस्तु विश्लेषणसम्बद्ध सैद्धान्तिक विमर्श गएिका ग्रन्थ र अन्य लेखका साथै सूक्ष्म अवलोकन र प्रयोगलाई समेत आधार बनाएर तथ्य सङ्कलन गरिएको छ। यसमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ। प्राथमिक सामग्रीका रूपमा साझा प्रकाशनद्वारा प्रकाशित 'दोषी चस्मा' (२०५४), (सोह्र ओटा मौलिक मनोवैज्ञानिक कथा) मा समावेश भएको 'मधेसतिर' कथा रहेको छ। यस्तै द्वितीयक सामग्री 'मधेसतिर' कथाका बारेमा गरिएका अध्ययन, खोज तथा विश्लेषण, विभिन्न ग्रन्थ तथा पत्रपत्रिकामा प्रकाशित लेख र कथाको रचनाविधान सम्बद्ध सम्बन्धित सैद्धान्तिक सामग्री रहेका छन्। यी सामग्रीहरू पुस्तकालय, विद्युतीय माध्यम आदिबाट सङ्कलन गरिएका छन्। कथामा रहेका तथ्यको वस्तुविश्लेषणका अभिलक्षणभित्र राखेर विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ। अध्ययन, अवलोकन, उदाहरण र विश्लेषणबाट तथ्यनिरूपण गरिएको यस लेखमा मूलतः आगमनात्मक विधिको प्रयोग भएको छ। कथाका पात्र, परिवेश, घटना आदिले सङ्केत गरेको मर्मलाई विश्लेषण गर्ने क्रममा वर्णनात्मक, विश्लेषणात्मक र तार्किक विधिलाई समेत अवलम्वन गरिएको छ। कथाको रचना विधानसम्बद्ध वस्तुपक्षको अध्ययन गर्ने कामलाई मूल समस्याका रूपमा लिई त्यसको समाधान खोज्नु यसको उद्देश्य रहेको छ।

## सैद्धान्तिक पर्याधार

कथा साहित्यका सबै विधाहरूमध्ये कै प्राचीन मानिन्छ। सृष्टिको प्रारम्भदेखि नै कथाले मानव जातिसँग आफूलाई कुनै न कुनै रूपमा सँगसँगै हिँडाएकै कारण यसको लोकप्रियता, व्यापकता र प्रभाकारिता विद्यमान छ। यो आफैँमा यस्तो रचना हो जसमा जीवनको कुनै एक अङ्ग वा कुनै एउटा मनोभावनालाई प्रदर्शन गर्नु नै लेखकको

उद्देश्य भएको हुन्छ। कथामा रहेका घटना, पात्र आदिले जीवन र जगतको सजीव चित्र कोर्दछन्। यसलाई सर्जकका विचार तथा भावनाको सञ्चरण गर्ने महत्त्वपूर्ण कलाका रूपमा समेत लिन सकिन्छ। यो एक यौगिक रचना हो। सर्जकका अभिव्यक्तिले एउटा निश्चित आकार वा रूप लिने र त्यसका अवयवहरूले पूर्णता दिने भएकोले यसलाई सिर्जनात्मक कला मानिएको हो। यसमा रहने तत्त्वहरूबारे एकरूपता देखिँदैन तैपनि कथावस्तु, पात्र वा चरित्रचित्रण, संवाद वा कथोपकथन, देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्यलाई कथाका तत्त्वका रूपमा उल्लेख गरिएको पाइन्छ। परस्परमा अन्तर्सम्बन्धित हुने यी तत्त्वहरू परम्पराकै निरन्तरताका रूपमा देखिन्छन्। आधुनिक कथाको स्वरूप नितान्त नवीन र परिवर्तित हुँदै आएको सन्दर्भमा कथाको समीक्षा गर्ने पद्धति पनि बदलिएको छ। स्रष्टाले कथाको विषय र स्वरूपलाई बदल्दै जाँदा त्यसको अध्ययन तथा विश्लेषण गर्ने प्रचलनमा पनि परिमार्जन हुनु स्वभाविक नै हो। यस आधारमा हेर्दा कथाको शरीर रचना अर्थात् रचनाविधानलाई संरचना (त्कचगअतगचभ) र (त्भहतगचभ) गरी दुई भागमा र त्यस अन्तर्गत पनि कथावस्तु, सारवस्तु, कथात्मक दृष्टिकेन्द्र, पदविन्यास, विम्बबिधान, व्यङ्ग्य, प्रतीक आदि उल्लेख गरिएको देखिन्छ। (बराल, २०५५,पृ १६५-६६) यसमा पनि जसरी स्रष्टाहरूका सिर्जना, विचार र अभिव्यक्ति कलामा भिन्नता रहन्छ त्यसरी नै समीक्षकहरूमा पनि मूलभूत विषयमा बाहेक अन्य कुरामा समानता नहुनु स्वभाविकै हो। त्यसैले प्रस्तुत लेखमा कोइरालाको 'मधेसतिर' कथाको रचनाविधान सम्बद्ध वस्तुपक्षमा केन्द्रित भएर अध्ययन गर्नका लागि मूलतः कार्यपीठिका, सारवस्तु, रुचिक्षेत्र, रीतिक्षेत्र, चरित्रचित्रण, दृष्टिविन्दु, र रूपविन्यासलाई मूल आधार बनाइएको छ।

## छलफल र परिणाम

### कथाकार कोइराला र उनको 'मधेसतिर' कथा

बाल्यकालदेखि नै जिज्ञासु तथा लगनशील स्वभावका कोइरालाले आफ्नी ममतामयी आमा दिव्या कोइरालाबाट थरिथरिका दन्त्य कथाहरू सुन्ने अवसर पाए। यसले उनलाई 'रामायण', 'महाभारत' तथा 'पञ्चतन्त्र'मा रहेका पूर्वीय कथाहरू खोजीखोजी पढ्न, बुझ्न र मनन गर्न प्रेरित ग-यो। यसै क्रममा हिन्दी साहित्यका कवि तथा समालोचक शान्तिप्रिय द्विवेदीसँगको सम्बन्ध र उनले खेलेको प्रेरणादायी भूमिकाले कोइराला क्रमशः सिर्जनातर्फ मोडिए। यिनीभित्र रहेको स्रष्टा व्यक्तित्वको सफलताको भविष्यवाणीसमेत गरिदिएर आत्मविश्वास पैदा गरिदिने काम द्विवेदीबाट भयो। यसबारे कथाकार कोइराला आफ्नो 'आफ्नो कथा'मा लेख्छन् , "शान्तिप्रिय द्विवेदीले मेरो हात समातेर साहित्यको उद्यानमा घुमाए, त्यहाँका फूलका क्यारीहरूसँग मेरो परिचय गराउँदै आफ्नो समालोचनात्मक विलक्षणताद्वारा तिनका कलात्मक गुणदोषको निरीक्षण गर्दै।" (कोइराला, २०५०, पृ. १४९) यसैको प्रेरणास्वरूप हिन्दी भाषामा 'वहाँ' (१९८७) शीर्षकको पहिलो कथा लेखे। यसरी प्रारम्भ भएको उनको साहित्यसिर्जना रविन्द्रनाथ टैगोर, शरच्चन्द्र चटर्जीका कथा उपन्यासको अध्ययनका साथै महात्मा गान्धीका विचार र

व्यवहारको मननसँगै क्रमशः डार्बिन, मार्क्स र फ्रायडका चिन्तनका निकट बन्न पुग्यो । उनले 'मेरो क्षेत्र त राजनीति हो' भन्दै गर्दा राजनीतिक तथा सामाजिक क्षेत्रमा गान्धी एवम् मार्क्स र साहित्यिक क्षेत्रमा फ्रायडलाई स्वीकारेको देखिन्छ । 'पथिक' (१९८७), 'आफैले झैँ' र 'भैयादाइ' (१९८८) गरी जम्मा चार कथाहरू हिन्दी भाषामा लेखेका यिनको प्रथम नेपाली कथा भने वि.सं.१९९२ को मार्ग पौष अङ्कको 'शारदा' पत्रिकामा प्रकाशित 'चन्द्रवदन' हो । साहित्यसेवी सूर्यविक्रम ज्ञवालीको प्रेरणामा लेखिएको 'चन्द्रवदन' प्रथम मनोवैज्ञानिक यथार्थवादी कथा हो । यसपछि ज्ञवालीकै सम्पादकत्वमा दार्जिलिङबाट प्रकाशित भएको 'कथाकुसुम' मा 'बिहा', 'शत्रु' र 'सिपाही' कथाहरू प्रकाशित भए । वि. सं. (१९९८) मा दार्जिलिङबाट निस्कने 'खोजी' पत्रिकामा 'मधेसतिर' कथा छापियो । वि. सं. १९९९ मा दार्जिलिङबाट  नै प्रकाशित हुन लागेको  कथासङ्ग्रह भने राजनीतिक आस्थाका कारण बीचमै जफत भयो (शर्मा, २०५९, पृ. १८१) । त्यसपछि वि. सं. २००६ मा 'दोषी चस्मा' र वि. सं. २०३९ मा 'श्वेतभैरवी' कथासङ्ग्रहहरू छापिए । यिनले आफ्ना कथामा व्यक्तिलाई  मनोरोगी बनाउने नेपाली समाजका खराबी र विकृतिहरूको जड पहिल्याई त्यसप्रति कलात्मक व्यङ्ग्य गरेका छन् र विरोध जनाएका छन् । संस्कृत सापेक्षवादको स्वीकृत सिद्धान्तअनुरूप नेपाली समाज र संस्कृतिसापेक्ष व्यक्तिको भित्री यथार्थलाई कला मूल्य प्रदान गर्ने कामलाई विशेष महत्त्व दिएका छन् । यसरी विभिन्न कथा सङ्ग्रह तथा पत्रिकामा प्रकाशित भएका समेत गरी नेपाली भाषामा छब्बिस र हिन्दी भाषामा चार कथाहरू उनले नेपाली कथाबाटिकालाई सुम्पिए । यिनका यिनै छब्बिस कथाहरूमध्ये 'दोषी चस्मा' कथासङ्ग्रहमा रहेको 'मधेसतिर' को रचना विधानसम्बद्ध वस्तुविश्लेषण यस लेखमा गरिएको छ ।

## 'मधेसतिर' कथाको रचनाविधान

कथा साहित्यका विभिन्न विधाहरूमध्ये सर्वप्राचीन र लोकप्रिय सावयव रचना हो । विभिन्न अङ्गहरूले शरीरको स्वरूप निर्माण गरे झैँ कथाको शारीरिक स्वरूप निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने रचनाविधान सम्बद्ध कार्यपीठिका, सारवस्तु, रुचिक्षेत्र, रीतिक्षेत्र, चरित्रचित्रण, दृष्टिविन्दु, रूपविन्यास आदि शीर्षकहरूका आधारमा 'मधेसतिर' कथाको निम्नानुसार विश्लेषण गरिएको छ :

### *कार्यपीठिका*

कार्यपीठिकाले मूलतः पात्रका क्रियाव्यापार प्रस्तुत गरिने स्थान र समयसम्बद्ध पृष्ठभूमिलाई बुझाउँछ । आधुनिक अत्याधुनिक कथामा त पृष्ठभूमि वा कार्यपीठिका भौतिक वा वस्तुगत स्थान विशेष मात्र नभई पात्रको मनोजगत् अर्थात् मानसिक स्थितिविशेषलाई समेत महत्त्व दिन थालिएको पाइन्छ । (श्रेष्ठ, २०३९, पृ. ११२) यस आधारमा मधेसतिरलाई अध्ययन गर्दा पूर्वी नेपालको सिङ्गो ग्रामीण परिवेश, कथापात्रहरू विधवा, धने, गोरे, भोटे र बूढो वास बसेको ठाउँ सुनकोसी र तामाकोसीको सङ्गमस्थल, मधेस जाने ग्रामीण बाटो बाह्य कार्यपीठिकाका रूपमा देखा पर्दछन् ।

'सुनकोसी र तामाकोसीको सङ्गममा बिहान भयो सुनकोसी उत्तरबाट प्रशस्त बेगसँग बगेर आउँथ्यो, पूर्वतिरबाट तामाकोसी धागोजस्तो पातलो धारा लिएर आउँथ्यो र सुनकोसीमा मिसिन्थ्यो ।... सूर्यको प्रथम किरण पर्नासाथ पृथ्वीका पाप्रा उप्केजस्तो गरेर नदीका किनारमा घुम्लुङ्ग परेर सुतेका चार पाँच जना उठे । पुनः अर्को दिन ...आकाशलाई छानो बनाएर गुडुल्किएर त्यही बाटोमा सुते ।" (कोइराला, २०५४, पृ.९१/९५)

कथाका उल्लिखित कथनहरूले कथाको बाह्य स्थानगत कार्यपीठिकाको स्पष्ट सङ्केत गर्दछन् । यसरी नै कथामा सासूससुराले हेपेको, पोइ मरेको र रुखो देबरको मायाले मात्र टिक्न नसकेको बताउने विधवाले बाटोमा हिँडदा हिँड्दै भेटिएका अपरिचित मानिसहरूसँग "मेरो पनि कोही साथी नभएकोले तिमीहरूनेर आएर सुतें । रातभरि तिमीहरूको माया लागिरह्यो ।" भन्नुले बाह्य कार्यपीठिकालाई मात्र सङ्केत गर्दैन । उदर बुभुक्षाले आहत बनेको गोरेलाई यौन बुभुक्षाले आतुर विधवा घर बनाउन पति चाहिने, एक्लै सम्भव नहुने, पतिको निधनपछि शरीर जोगाएर राखेकी, सन्तान जन्मि नसकेकोले नबिग्रेको भन्दै छोराछोरी पाउन र आफ्नो मान्छेसँग घरजम गरेर बस्ने उत्कट अभिलाषा भएको भन्दै आफूसँग भएको गहना, पैसाले खेती किन्ने घर बनाउने तर गोरे तिमी आफ्नो हुनुपर्ने प्रस्ताव गर्छे । विधवाको यो प्रस्तावलाई बेवास्ता गरी उल्टै उसको पैसा र गहनाको पोको चोरेर गोरे भागेपछि अचेतनको दमित वा कुण्ठित मनोभावलाई विधवा यसरी व्यक्त गर्दछे– "चूप लाग् बूढा । त्यो गहनाले मैले के के गरुँला भनेकी थिएँ, खेती किनुँला, बिहा गरुँला, घर जमाउँला, छोरा पाउँला । मेरो सारा आशा नष्ट भयो ।" (कोइराला, २०५४, पृ.९५) यसरी विधवाको मनोजगत् र पूर्वी तराईका सुनकोसी तथा तामाकोसीका नदी किनार एवम् बाटो घाटो र स्मरणको रूपमा आएको विधवाको पारिवारिक ग्रामीण परिवेश कथामा कार्यपीठिकाका रूपमा रहेको छ ।

## *सारवस्तु*

कुनै कथाकृति पढिसके पछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँछौँ, त्यही नै सारवस्तु (त्जझभ) हो (श्रेष्ठ, २०५७, पृ. १२) । यसलाई स्रष्टाले आफ्नो रुचिअनुसार अभिधेय वा अन्योक्तिमूलक ढङ्गमा प्रस्तुत गरेको हुन्छ । यस दृष्टिले 'मधेसतिर' लाई हेर्दा मानिसले जीवनमा वास्तविक आनन्द प्राप्त गर्न भौतिक र यौनिक सुख पाउनु पर्छ भन्ने कुरालाई सारवस्तु बनाइएको छ । काम र मामजस्ता जीवनका आधारभूत समस्या र व्यक्तिभित्रबाटै स्वार्थी तथा अपराधी मनोवृत्तिका बिचको द्वन्द्वलाई विधवाको निष्कपट व्यवहार र गोरेको कपटपूर्ण अपराधी व्यवहारबाट स्पष्ट पारिएको छ । काम र माम उत्तिकै महत्त्वपूर्ण समस्या भए पनि गोरे मामको समस्याले बढी ग्रसित देखिन्छ । यसले हामीलाई मानवजीवनका निमित्त यौनसमस्या ठुलो हो कि आर्थिक समस्या ठूलो हो भन्नेतर्क र समाधान गर्न सहयोग पु-याएको छ (पराजुली, २०५६, पृ.३६) । विधवामा वासनाका तुलनामा दाम्पत्यको मोह बढी देखिन्छ । नैसर्गिक तथा मानवीय प्रेमवात्सल्यको अपेक्षा एवम् पारिवारिक स्नेह र पुरुषबाट प्राप्त हुने न्यानोपनको कामना छ तर गोरेले आफ्नो भौतिक समस्याका कारण यो उचाइ प्राप्त गर्न सकेन । सामाजिक कुसंस्कार गरिबी र अज्ञानताका रापले पिल्सिएको भौतिक मानसिक अवस्थाको तस्बिर कथामा प्रस्तुत भएको छ । (न्यौपाने,

२०५७, पृ. ३९७) बालवैधव्य जीवन र समाजका सामाजिक रुढिगत भावना, विधवाप्रतिको सामाजिक हेराइ, सामाजिक नीतिनियम, आचार र व्यवहारले गर्दा व्यक्तिगत मनोभावना र आकाङ्क्षामा परेको कुठाराघातका कारण सामाजिक प्रचलन र व्यवहारलाई चुनौती दिँदै विधवाले आफूलाई भिन्न बाटोमा हिँडाएकी छ तरयो त्यति सहज छैन। बालविधवाको पुनर्विवाह गरी उचित व्यवस्थापन गर्नमा भन्दा समाज परम्परित सोच, विचार र असहिष्णुपनले ग्रसित छ । पुरुषले चाहेमा पत्नीको निधनपश्चात् पनि अर्को विवाह गर्न सक्ने तर महिलाले त्यो छुट नपाउने सामाजिक विसङ्गति र विकृतियुक्त प्रचलनका कारण व्यक्ति सामान्यबाट असामान्य र असहज बन्ने कुरातर्फ सङ्केत गरिएको छ । कथाकारले भौतिक समस्या समाधानको बाटोलाई प्रथम रोजाइ बनाएको कुरा गोरेले विधवाका सबै समस्या सुनी, बुझी उल्टै उसका सम्पूर्ण मुख, स्वप्न र आशाको केन्द्र गहना र पैसाको पोको चोरेर भागेको कुराले पुष्टि गर्दछ। गहनाको पोको चोरी भएपछिको विधवाको स्थितिमा नै कथाकारको दर्शन निहित छ। भुसुक्क निदाउनु र चोरी हुनु यस कथाको नाभीविन्दु novel point हो (श्रेष्ठ, २०४८, पृ. १५५)। विधवाको समाज र त्यस समाजका जटिलता, सामाजिक आडम्बर, विधवाप्रतिको सामाजिक मान्यता र दृष्टिकोण, सङ्कीर्ण सामाजिक चिन्तनले व्यक्तिका आकाङ्क्षा चाहनामा पारेको प्रभाव, सामाजिक मान्यता र मूल्यमाथिको विधवाको चुनौतिर त्यस किसिमको सामाजिक परिपाटीको परित्याग, सामाजिक असमानता र आर्थिक उत्पीडन, आर्थिक उत्पीडनबाट मानिसमा बढ्दै गएको व्यक्तिवादी प्रवृत्ति आदिको सशक्त प्रस्तुति गर्नु (गौतम, २०५६, पृ.६१) यस कथाको सारवस्तु हो। यो मूलतः अन्योक्तिमूलक ढाँचामा रहेको छ।

### *रुचिक्षेत्र*

कथाकार कोइराला नेपाली संस्कृति, समाज र भौगोलिक यथार्थलाई नजिकैबाट जाने बुझेका स्रष्टा हुन्। यसै सेरोफेरोमा रहेर पात्रको मनोलोकको अध्ययन तथा विश्लेषण गर्ने क्रममा यस कथामा एक विवाहित अधबैँसे विधवा नारीको मनोविश्लेषण र गोरे, धने, भोटे र बूढोप्रभृत्ति आर्थिक रूपमा जर्जर र दुरवस्थामा पुगेका पात्रको अध्ययनलाई रुचिक्षेत्र बनाइएको छ। पतिको असामयिक निधन र परिवारका अन्य सदस्यको व्यवहारले आहत भएकी विधवा नयाँ घरजमको खोजीमा र गोरे, धने आदि पात्रहरू पेटभरि खान पाउने आशाले मधेसतिर लाग्दा सुनकोसी तामाकोसीको किनार, यात्राका क्रममा बास बस्ने ठाउँको सजीव वर्णन गर्नुले कथाकारले पूर्वी नेपालको सामाजिक भूयथार्थलाई विशेष महत्त्व दिएको स्पष्ट हुन्छ । आकाशलाई छानो बनाएर गुडुल्किएर त्यहीँ बाटोको छेउमा सुत्ने उनीहरूले टाढाबाट देखिएको विस्तीर्ण मैदानलाई देखाएर "ऊ त्यही हो मधेस। त्यही हाम्रो उद्धार हुन्छ। त्यहीँ हामीले अघाउन्जेल खान पाउँछौं" (कोइराला, २०५४, पृ.९६) भन्नुले आर्थिक रूपमा ज्यादै विपन्न र असहज अवस्थालाई सङ्केत गर्छ। युवतीका गोरेसँग दुई जना मिलेर घर चलाउने र पतिको निधनपछि आफ्नो शरीर सुरक्षित रहेको कुराले उसको मानसिक ऊहापोह स्पष्ट हुन्छ। भावनात्मक र मानसिक तुष्टिबिना मानिसले वास्तविक आनन्द नपाउने कुरालाई घुमाउरो ढङ्गले प्रस्तुत गरिएको छ। कथामा नेपाली समाजमा विद्यमान कुसंस्कार, अनमेल तथा

बालविवाह प्रथाका साथै आर्थिक दृष्टिले विपन्न जीवनको छायाङ्कन भएको छ । (गौतम, २०६१, पृ. ८४) यातायातको असुविधाका कारण पहाडबाट मधेस झर्न धेरै दिन लाग्ने कुरा देखाइएको छ । मूलतः विधवा युवतीको जीवनमा उत्पन्न सामाजिक समस्या र त्यसले निम्त्याएको मनोद्वन्द्वको विश्लेषणका क्रममा बाटोमा चार पुरुषहरू भेटिनु, तीमध्ये गोरेसँग विधवा आकर्षित हुनु तर उसले मानवीय मर्यादा र नैतिकतालाई उपेक्षा गरी स्वार्थपूर्ति गर्नुजस्ता घटनाक्रम कथामा ज्यादै सुन्दर र अनुकूल रूपमा प्रस्तुत भएका छन् । समग्रमा कथाकारले ग्रामीण परिवेशका दृश्य पात्र र घटना मात्र नभएर ग्रामीण जीवनसम्बद्ध रुढिग्रस्त परम्परित सामाजिक, आर्थिक पक्षका साथै मनोजगत्को चिरफार गर्ने कार्यलाई सजीव बनाउने जुन लक्ष्य वा ग्रामीण समाजको जीवनपद्धति र खासगरी सामाजिक, सांस्कृतिक तथा वर्गीय पृष्ठभूमिमा विधवाको मनस्थितिको विश्लेषणमा यो कथा केन्द्रित रहेकाले यसको रुचिक्षेत्र यौनतत्त्वको विश्लेषण गर्नु रहेको छ ।

**रीतिक्षेत्र**

यस कथामा कथाकार कोइरालाले मनोवैज्ञानिक यथार्थ र सामाजिक यथार्थलाई रीतिक्षेत्र बनाएका छन् । यसलाई कथाका पात्रहरू, प्रस्तुत भएको विषयवस्तु र त्यसको प्रस्तुतीकरणले पुष्टि गरेका छन् । कथामा समाजका मध्यम तथा निम्नवर्गीय व्यक्तिका पारिवारिक समस्याको यथार्थ तस्बिर खिचिएको छ । धने, बुढो, गोरे र भोटे प्रभृति अति विपन्नवर्गका मानिसको दुःखलाग्दो जीवन र सामाजिक कुव्यवस्था तथा प्रचलनको सिकार भएकी विधवाका सामान्य–असामान्य मनस्थिति र मनोद्वन्द्वको सूक्ष्म विश्लेषण गरिएको छ । स्रष्टाले चयन गरेको विषयवस्तु यथार्थवादी रीतिअनुरूप छ । यथार्थवादीले आफ्ना रचनामा अतिगहन र जटिल विषयलाई भन्दा सरलतर महत्त्वपूर्ण विषयलाई प्राथमिकतामा राखेर विश्लेषणात्मक ढङ्गले कलामूल्य प्रदान गर्ने गर्दछन् । यसै मान्यताअनुसार पूर्वी नेपालमा मात्र नभई हाम्रो समाजमा पतिको निधनपश्चात् सिङ्गो महिला जगत्ले भोग्न विवश समस्या र काम र मामको खोजीमा हिँड्न विवश व्यक्तिहरूको आशाको केन्द्र पहिलदेखि नै मधेस बन्ने गरेको तथ्य प्रस्तुत छ । कथापात्रहरूको नदी किनाराको बसाइ, खुवाइ, सुताइ र हिँडाइका साथै विधवाका विचार इच्छा, आकाङ्क्षा र रोदनजस्ता पक्षले कथालाई कल्पना र भावुकताको तहबाट निकै माथि उचालेर यथार्थको गहन र गम्भीर स्वरूप प्रदान गरेका छन् । वस्तु र स्थितिको सूक्ष्म चित्रण गर्ने अथवा ती तथ्यलाई मिही तरिकाले विश्लेषण गर्ने सन्दर्भलाई कथामा आएका "हिजो दिनभरि नखाएको पेटमा चिउराका कणहरू पर्दा सबै फुर्तिला भएर कुरा गर्न थाले । मेरो पनि कोही साथी नभएकोले तिमीहरूनेर आएर सुतेँ। रातभरि तिमीहरूको माया लागिरह्यो ।" (कोइराला, २०५४, पृ. ९२) जस्ता थुप्रै तथ्यहरूले पुष्टि गर्दछन् । यसरी कथामा अभिव्यक्त विचार, साक्ष्य र तथ्यहरूलाई अध्ययन गर्दा कथाकारले यथार्थको पृष्ठभूमिमा पात्रका मानसिक संवेगहरूको खोजी तथा विश्लेषणलाई विशेष महत्त्व दिएकाले यसको रीतिक्षेत्र यथार्थवादी (मनोवैज्ञानिक र सामाजिक) रहेको पुष्टि हुनुका साथै उनमा स्वच्छन्दतावादी लेखनको व्यापक प्रभाव समेत रहेको देखिन्छ ।

### *चरित्रचित्रण*

चरित्र कथाको एक महत्त्वपूर्ण र अनिवार्य अङ्ग मानिन्छ । यसको अभावमा कथाले न जीवन्तता प्राप्त गर्दछ न गतिशीलता नै । 'मधेसतिर' कथामा खासगरी विवाहिता अधबैंसे विधवाको चरित्रलाई कथाकारले उच्च महत्त्व मात्र दिएका छैनन् बाटामा भेटिएका गोरे, धने, भोटे र बुढाको चर्चा र विधवाका सासूससुरा र देवरको सङ्केत गरेका छन् । कथामा पात्रहरूले बहन गरेको भूमिकालाई हेर्दा विधवा र गोरे प्रमुख चरित्र/पात्र हुन् भनेधने, भोटे र बुढा सहायक पात्र हुन् । यस्तै विधवाका सासू-ससुरा र देवर गौण पात्र हुन् । आर्थिक दृष्टिले विधवा र उसको परिवारका सदस्यहरूभन्दा गोरे, भोटे, बुढो र धनेहरू निम्नवर्गीय नेपाली समाजका प्रतिनिधि बनेर आएका छन् । विधवा, गोरे र विधवाकी सासू प्रवृत्तिगत आधारमा प्रतिकूल देखिन्छन् भने भोटे, बुढो, धने र विधवाको देवर अनुकूल । कथाकारले गोरे र विधवालाई महत्त्वपूर्ण स्थान दिंदै समस्या समाधानको गन्तव्य मधेस भएकोले खासगरी विधवा, गोरे, भोटे, बुढो र धने त्यतै हिँडेको देखाए पनि यो मूलतः विधवाको कथा हो । उसका आन्तरिक सोचाइ व्यवहार र दृष्टिकोणलाई चरित्रका माध्यमबाट नभई परिवेश र तत्जन्य घटनाक्रमबाट देखाइएको छ । कथाको दृष्टिविन्दु पात्रको रूपमा आएकी विधवाको व्यक्तित्वलाई स्पष्ट्याउन कथाकारले गोरेलाई उभ्याएका छन् । कथामा आएका अन्य पुरुष पात्रहरूपनि विधवाको मानसिकता र भावनात्मक एकत्वका विपरीत छन् । विधवा लोग्ने, छोराछोरी, इष्टमित्र, घरजम तथा पारिवारिक सामाजिक सम्बन्धलाई महत्त्व दिन्छे भने अरूलाई यसबारे चासो छैन । आर्थिक समस्याले मानिसलाई नितान्त व्यक्तिवादी बनाएको छ । पैसा चोरेर गोरे भाग्दा विधवा दुखी भए पनि उसका अरू साथीहरूले कुनै प्रतिक्रिया जनाएका छैनन् । त्यसैको प्रतिक्रियास्वरूप विधवाले हप्काउँदै भन्छेः "चूप लाग् बूढा, त्यस गहनाले मैले के के गरुँला भन्ने विचार गरेकी थिएँ, खेती किनुँला, बिहा गरुँला, घर जमाउँला, छोरा पाउँला । मेरो सारा आशा नष्ट भयो ।" (कोइराला, २०५४, पृ. ९५) विधवा अपरिचित मानिससित पनि नजिकिई परिचितसित झैँ खाने कुरा दिन्छे भने अरूले त्यसको विपरीत भाव देखाउँछन् । कथान्ततिर आइपुग्दा मधेस देखेर अरू सबै दङ्ग परे पनि उत्साहहीन र मानसिक संसारका सबै स्वप्निल कल्पनाको महल एकैसाथ गल्यामगुर्लुम्म भएकोमा विधवाले पाठकको सहानुभूति पाए पनि लेखकीय न्याय र सद्भाव पाउन सकेको देखिँदैन । कथाकारले सामाजिक विषय र सन्दर्भलाई भन्दापात्रको मनोविश्लेषणलाई उच्च महत्त्व दिंदा यसो भएको पनि हुन सक्छ । तृतीय पुरुषप्रधान यस कथामा पात्रहरू खासगरी रूढिग्रस्त नेपाली समाज, परम्परित सोच, आर्थिक विपन्नता र बालवैधव्य जीवनका जटिलतालाई प्रस्तुत गर्ने माध्यम बनेर आएका छन् । सामाजिक विषय र सन्दर्भको केन्द्रीयतामा पात्रका चेतन-अवचेतन मनको विश्लेषण गरिएको यस कथाको चरित्रचित्रण व्यावहारिक रूपमा केही असहज र असामान्य देखिए पनि मनोवैज्ञानिक दृष्टिले सहज र स्वाभाविक देखिन्छ । पात्रहरूको चयन र तिनको भूमिका वहन गराउने काममा यस कथामा प्रत्यक्ष तथा नाटकीय दुबै अर्थात् मिश्रित प्रकृतिको चारित्रिक व्यवस्थापन भएको देखिन्छ ।

### *दृष्टिविन्दु*

पारिभाषिक अर्थमा दृष्टिविन्दु भनेको कथानक भित्रका एक वा एकभन्दा बढी पात्रहरूको मनभित्र डुबुल्की मार्ने कला हो। (श्रेष्ठ,२०७९, पृ.७४) यसले कथावस्तुलाई पाठकका निम्ति सम्प्रेषणीय बनाउने काम गर्छ।

कथाकारले कल्पना गरेको कुन पात्रलाई कुन स्थानमा राखेर आफ्नो विषयवस्तु पस्किने भन्ने निर्णय स्रष्टाले गर्दछ। यसको प्रयोग गर्दा स्वयम् कथाकार आफ्नो व्यक्तिगत आग्रहबाट सर्वथा पृथक् रहेर पात्रहरूको अन्तर्निरीक्षण गर्दछ। दृष्टिविन्दु मूलतः आन्तरिक र बाह्य गरी दुई प्रकारको हुन्छ। यसमा पनि आन्तरिक अन्तर्गत केन्द्रीय र परिधीय हुन्छन् भने बाह्य दृष्टिविन्दुमा सर्वदर्शी, सीमित र वस्तुगत हुन्छन् । (श्रेष्ठ, २०५६, पृ.११) यस आधारमा हेर्दा 'मधेसतिर' कथामा बाह्य अन्तर्गतको सर्वदर्र्शी दृष्टिविन्दुको प्रयोग भएको छ। कथाका विधवा, धने, गोरे, भोटे, बुढा प्रभृत्ति पात्रहरूलाई कथाकारले नजिकैबाट नियालेका छन्। उनी भन्छन् : "घरद्वार नभएका यी चारजना माग्ने भनूँ वा कुल्ली भनूँ काम पाए कुल्ली नत्र माग्नेका माझमा घरद्वार भएकी विधवा कागको हुलमा हँसिनी थिइन् ।" (कोइराला, २०५४, पृ.९१) यति मात्र नभई उनीहरूको समग्र चरित्र र भावको अन्तर्निरीक्षण कथाकारले गरेका छन्। पात्र आफू आफ्ना बारेमा कम बोल्नु वा बोल्दै नबोल्नु तर कथाकारले उनीहरूबारे सबै कुरा थाह पाउनु यो दृष्टिविन्दुको विशेषता हो। कथाकार लेख्छन् :

विधवा र गोरे पछिपछि बिस्तार बिस्तार आइरहेका थिए। गोरेको उमेर पच्चीस वर्षको हुँदो हो विधवाको तीस । गोरे धेरै नबोल्ने र लाज मान्ने स्वभावको थियो । त्यसको खपटे गाला धेरै दिनको परिश्रमले झन् तल भासिएको थियो। आँखा ज्योतिहीन थिए। (कोइराला, २०५४, पृ. ९३)

कथापात्रका कुनै खास दुःखसुखको स्थिति अनि उनका मनमा रहेका अमूर्त तथा अव्यक्त संवेगहरूलाई मनन गरेर त्यसलाई पाठकसामु सम्प्रेषण गर्ने सामथ्र्य यस 'मधेसतिर' कथामा प्रयुक्त तृतीय पुरुष अन्तर्गतको सर्वदर्र्शी दृष्टिविन्दुको समुचित प्रयोग र व्यवस्थापनबाट कथाकारले पाएका छन्।

### *रूपविन्यास*

कथाको रूपायनमा महत्त्वपूर्ण भूमिका खेल्ने सूक्ष्म तत्त्वहरूलाई रूपविन्यास भनिन्छ । यसले घरको साजसजावटको काम गर्छ अर्थात् फर्निचर, कार्पेट, गमला इत्यादि कसरी सजाउने भन्ने शैली, विधि र तरिका नै रूपविन्यास हो। (श्रेष्ठ, २०७९, पृ. १२१) यो संवृत र विवृत गरी दुई प्रकारको हुन्छ। प्रचलित व्याकरणिक नियमको अक्षरशः पालन गरी परम्परित लेखनलाई स्वीकार गर्ने र त्यसको विपरीत कवितात्मक प्रकृतिको वा विलक्षण शैलीगत चमत्कारको प्रयोग यसमा गरिएको हुन्छ । कथाकार कोइरालाको 'मधेसतिर' कथामा प्रयुक्त रूपविन्यासलाई पदविन्यास, वाक्यविन्यास, बिम्ब, प्रतीक, शीर्षक आदिलाई निम्नानुसार हेर्न सकिन्छ :

यस कथाको पदविन्यास संवृत रूपविन्यास प्रकृतिको रहेको छ। कथाकारले आफ्नो कथ्यलाई प्रस्तुत गर्न पात्र अनुकूल उद्देश्य अनुरूपका शब्द र पदहरूको समुचित प्रयोग गरेका छन् । बाटोमा हिँड्दै गर्दा पछि पछि

आइरहेको गोरेलाई सम्बोधन गर्दै विधवाले भन्छे - "के थाक्यौ गोरे, घाम पनि अघोर छ, तिम्रो टाउको तात्यो होला, लौ लेऊ, यो कपडा टाउकोमा राख ।" (कोइराला,२०५४, पृ. ९३) यहाँ प्रयुक्त पदहरूको स्वरूप र भावले एकातिर विधवाको गोरेप्रतिको प्रेमभाव र ऊसँगको आफ्नो भरोसाको सङ्केत तथा संरक्षण गर्न यी थोरै पद र तिनको यथोपयुक्त प्रयोगले महत्त्वपूर्ण भूमिका वहन गरेका छन् ।

'मधेसतिर' कथाको वाक्यविन्यास संवृत तथा विवृत रूपविन्यासयुक्त मिश्रित खालको देखिन्छ । कथामा प्रयुक्त अधिकांश वाक्यहरू परम्परित व्याकरणिक नियमसम्मत छन् भने कतिपय त्यसभन्दा माथि उठेर व्याकरणिक विचलनको अवस्थामा देखिन्छन् ।

जस्तै :

(क) उनले सोधिन्, " तिमीहरू कहाँ हिँडेका नि ? तिमीहरूले त राति पनि केही खाएको देखिनँ, त्यसै सुत्यौ । मेरो पनि कोही साथी नभएकोले तिमीहरूनेर आएर सुतेँ । रातभरि तिमीहरूको माया लागिरह्यो ।"

(ख) भोकले सुकेको गालामा आनन्दको गुलाबी देखियो । कानसम्म सुखको कुना पु-याएर मुखभरि चाउरी पारेर तिनीहरू हाँसिरहे । (कोइराला, २०५४, पृ.९६)

उल्लिखित उदाहरणमध्ये 'क' का वाक्यहरू संवृत रूपविन्यास र 'ख' का वाक्यहरू विवृत रूपविन्यासका नमुना बनेका छन् ।

काल्पनिक चित्र, स्वरूप वा आकृतिको निर्माण गर्नु नै बिम्ब हो । 'मधेसतिर' कथामा आर्थिक अभावका कारण परेको समस्याले बाटो लागेका गोरे, धने, भोटे, र बुढा तथा पतिको निधन पश्चात् पारिवारिक असहज स्थिति खप्न नसकेर नयाँ घरजमको खोजीमा लागी आफ्नो शारीरिक तुष्टि परिपूर्ति गर्ने लक्ष्य लिएकी विधवाको अभिव्यक्ति, विचार र व्यवहारले पाठकका मानसपटलमा साँच्चिकै संवेदनामय कारुणिक बिम्बको निर्माण गर्दछन् । कथाकारको भाषिक कलाकौशल र अभिव्यक्तिगत शिल्पले सिङ्गो कथा नै सामाजिक यथार्थको बिम्बमय प्रस्तुतिमा सबल बनेको छ ।

यसका केही नमुना निम्न अनुसारका छन् :

(क) सासूससुरा फुटेको आँखाले हेर्दैनन् । देवर रुखो माया गर्थ्यो तर पोइ नभएको घरमा टिक्न सकिनँ ।

(ख) म के छोराछोरी पाउन सक्दिनँ र ? खोइ मेरा छोराछोरी ? खोइ मेरो आफ्नो घर । खोइ मेरो आफ्नो मान्छे ?

(ग) ऊ त्यही हो मधेस । त्यही हाम्रो उद्धार हुन्छ । त्यही हामीले अघाउञ्जेल खान पाउँछौँ ।

(कोइराला, २०५४, पृ.९२–९६)

उल्लिखित उदाहरणहरूमध्ये 'क' र 'ख' मा अभिव्यक्त विधवाका विचारले विधवाप्रति हाम्रो समाजमा भए गरेका नकारात्मक भाव, उसका नैसर्गिक चाहनाको हनन अनि समाजको एकातर्फी ढोंगी मानसिकताका कारण विधवा प्रभृति नारीहरूले भोग्नुपरेको कारुणिक सत्यको समसायिक यथार्थपरक, संवेदनात्मक एवम् सजीव बिम्बको प्रस्तुति गरेका छन् । यस्तै 'ग' ले 'मधेस' लाई विगतमा अन्नको टोकरीका रूपमा स्वीकार्दै प्राकृतिक र पारदर्शी बिम्बका

माध्यमबाट पेटभरि खान पाइने आश्रयस्थलको आशालाग्दो तस्विर ठानेको छ । त्यसलाई टाढैबाट देखेर र देखाएर कथापात्रले सन्तुष्टिको मीठो सपना बुनेका छन् ।

प्रतीकले कथामा मूर्त-अमूर्त वस्तु वा स्थितिको प्रतिनिधित्व गर्दछ । यो पनि अभिव्यक्ति कलाको भाषिक प्रकार हो । कथाकार कोइरालाले फ्रायडीय मनोविश्लेषणलाई नेपाली कथालेखनमा भित्र्याउँदै गर्दा प्रतीकको प्रयोग पनि एकै साथ भएको पाइन्छ । 'मधेसतिर' कथामा मूलतः फ्रायडीय प्रतीकविधानको पद्धतिका आधारमाभन्दा पनि फरक खालका प्रतीकहरूको प्रयोग भएको देखिन्छ । कथामा विधवाले गोरेलाई भन्छे, "गोरे मसँग अलिक गहना पनि छ, रुपियाँ पनि छ, त्यसैले गएर खेती किनौंला, घरद्वार बनाउँला, तिमी मेरो भयौ भने यो सब तिम्रो हुन्छ ।" (कोइराला, २०५४, पृ.९४) यहाँ विधवासँग भएको उक्त रुपियाँ गहनाको पोको प्रथमतः यौनेच्छाको प्रतीक हो भने त्यसपछि आर्थिक पुष्टिको प्रतीक पनि हो, किनभने यही एक चिज चोरिँदा विधवा एकैपटक दुईवटा समस्यामा पर्दछे । (श्रेष्ठ,२०४८, पृ. १५८) उसका खेती किन्ने, बिहा गर्ने, घर जमाउने, छोरा पाउने सबै आशा एकसाथ समाप्त भएका छन् । यसरी नै धने, गोरे, भोटे र बुढाका लागि आफ्नो उद्धार हुने र पेटभरि खान पाइने आशा, विश्वास र भरोसाको प्रतीकका रूपमा 'मधेस' प्रयोग भएको छ । बुढाले बडो उत्साहका साथ भन्दछ : ऊ त्यही हो मधेस, त्यही हाम्रो उद्धार हुन्छ । त्यही हामीले अघाउञ्जेल खान पाउँछौँ । (कोइराला, २०५४, पृ. ९६) यसरी हेर्दा 'मधेसतिर' कथा प्रतीक प्रयोगका दृष्टिले समेत महत्त्वपूर्ण देखिन्छ ।

कथाको शीर्षक आफैँमा सुन्दर, मीठो, मौलिक, आकर्षक, रोचक अनि कथाको मूलमर्म व्यक्त गर्ने प्रकृतिको हुनु उचित हुन्छ । कथालाई सारगर्भित, अर्थपूर्ण, सान्दर्भिक एवम् औचित्यपूर्ण बनाउने कथाकार कोइरालाका कथाशीर्षक आफैँमा महत्त्वपूर्ण देखिन्छन् । यसै क्रममा 'मधेसतिर' कथाको शीर्षक पनि कथाको भाव र सार प्रस्तुत गर्न सक्षम देखिन्छ । शीर्षकले पाठकलाई कौतुहल सिर्जना गरेको मात्र नभई संक्षिप्तता मै कथापात्रको गन्तव्यको निर्देशसमेत गरेकोले यो प्रतीकात्मक, बिम्बात्मक अनि आशाको सञ्चार गर्ने भरोसासूचक धरोहर समेत बनेको छ । यसले कथाको सारवस्तुलाई एकीकृत रूपमा पस्किने सामर्थ्य पनि राखेको छ ।

## उपसंहार

कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा आफ्नो कथालेखनको प्राथमिक चरणमा लेखिएको 'मधेसतिर' कथा सामाजिक तथा मनोवैज्ञानिक यथार्थपरक तथ्यलाई सजीव रूपमा प्रस्तुत गर्न सफल भएको छ । कथाको रचनाविधान सम्बद्ध वस्तुविश्लेषणका क्रममा पात्रहरूका फरक-फरक उद्देश्य र समस्याहरू रहेका देखिन्छन् । कथामा गोरेको जीवन आर्थिक समस्याको प्रतिनिधि बनेर आएको छ भने विधवाको जीवन सामाजिक तथा मनावैज्ञानिक समस्याले जीर्ण बनेको छ । परस्पर विरोधी विचार र भाव बोकेर हिंड्ने यिनीहरू एकसाथ अघि बढ्न सकेका छैनन् । सामाजिक धरातल र पृष्ठभूमिमा पात्रका मानसिक संवेगहरूको खोज र विश्लेषण गर्ने यस कथामा प्रत्यक्ष तथा

नाटकीय चरित्रचित्रण, विभिन्न प्रतीक, बिम्बको प्रयोग भएको छ । रैखिक ढाँचा र तृतीय पुरुष अन्तर्गत सर्वदर्शी दृष्टिविन्दु तथा पात्रको अवस्था र कथाको उद्देश्यअनुरूपको कलात्मक भाषाशैलीको प्रयोग भएको छ । पूर्वी नेपालको ग्रामीण जीवनको यथार्थलाई कार्यपीठिका तथा पात्रका भित्री तथ्य र भावलाई सूक्ष्म ढङ्गमा चियाई सिङ्गो नेपाली समाजको जटिल समस्यालाई सारवस्तु बनाएको यस कथाले कोइरालेली कथापरम्परामा विशेष महत्त्व र स्थान बनाएको निष्कर्ष यस अध्ययनले देखाएको छ ।

## सन्दर्भ सामग्री सूची


कोइराला, विश्वेश्वरप्रसाद (२०५४), *दोषी चस्मा*, साझाप्रकाशन ।

----------- (२०५०), *आफ्नो कथा* (दो सं.), साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५६), *नेपाली कथा* (लेखन तथा सम्पा.), के. पी. पुस्तक भण्डार ।

गौतम, ध्रुवराज (२०६१), *विश्वेश्वरप्रसाद कोइरालाका कथामा सामाजिकता*, भुँडी पुराणप्रकाशन ।

ढकाल, भूपति (२०५८), *विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण*, विद्यापुस्तक सदन ।

न्यौपाने, केदार (२०५३), 'मधेसतिर' कथाले दिएको मनो सामाजिक अभिव्यक्ति, *विश्वेश्वरप्रसाद कोइराला समालोचना विचारमा* (जीवनचन्द्र कोइरालाद्वारा सम्पा.), विपी अनुसन्धान तथा सेवाकेन्द्र ।

बराल, ईश्वर र अन्य (२०५५), *नेपाली साहित्य कोश* (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, हरिप्रसाद (२०५०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा,* (सम्पा.), साझा प्रकाशन ।

--------- (२०५६), *विश्वेश्वरप्रसाद कोइरालाको 'मधेसतिर' कथा : आर्थिक तथा मनोवैज्ञानिक द्वन्द्वको सौन्दर्यात्मक प्रस्तुति,* गरिमा, (वर्ष १७, अङ्क ९, पूर्णाङ्क २०१ ), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३९), *पच्चीस वर्षका नेपाली कथा* (सम्पा.), ने.रा.प्र.प्र. ।

---------- (२०४८), *नेपाली साहित्यका केही पृष्ठ* (चौ.सं.), साझा प्रकाशन ।

---------- (२०५७), *नेपाली कथा भाग - ४,* साझा प्रकाशन ।

---------- (२०७९), *कथा दर्शन,* नेपाल प्रज्ञा प्रतिष्ठान ।